नेपाल सरकार
गृह मन्त्रालय
# नेपाल प्रहरी प्रधान कार्यालय
## केन्द्रीय अनुसन्धान ब्यूरो
(प्रशासन शाखा)

फोन: ०१-४४११७७६
मोबाईल नं.: ९८५१२८३१४०
फ्याक्स: ०१-४४१४३९१
पो.ब.नं.४०७
महाराजगञ्ज, काठमाडौं ।

मिति: २०७९/०२/१२ गते ।

## प्रेस विज्ञप्ती- ९४

**"जबरजस्ती करणी गरी हालसम्म फरार रहेका प्रतिवादी पक्राउ"**

जिल्ला सुनसरी इटहरी उ.म.न.पा. वडा नं. ५ स्थित ब्लुमिङ् लोटस् ईङगलिस् स्कूलका प्रिन्सीपल बर्ष अं. ३६ का राज खड्का भन्ने राज कुमार खड्काले आफ्नै स्कूलमा पढने बिरामी भएकी १५ बर्षीय छात्रालाई घुमाउने र औषधि उपचार समेत गरी दिने भनी मिति २०७४/०४/२६ गते जिल्ला सुनसरी धरान उ.म.न.पा. वडा नं. १० स्थित घोपा क्याम्प जाने बाटोमा पर्ने जनहित गेष्ट हाउसमा पु-याई स्कूल रेष्टिकेट गरिदिने भनी धम्क्याई दिनको अं. १३:०० बजे जबरजस्ती करणी गरेपछी उक्त स्कूल छाडी अर्कै स्कूलमा पढीरहेकी निज छात्रालाई विवाह गर्छु भनी फकाउने र समाजमा वेइज्जत गरीदिने धम्की दिदै पटक-पटक मानसिक तनाव दिदै जबरजस्ती करणी गरेको भन्ने पिडितले मिति २०७५/०५/०२ गते जिल्ला प्रहरी कार्याललय सुनसरीमा दिएको जाहेरी दरखास्त पछी हालसम्म फरार भई लुकिछिपि जिल्ला काठमाडौं टोखा न.पा. स्थित वानियाटरमा डेरामा बंस्ने निज राज खड्का भन्ने राज कुमार खड्कालाई यस कार्यालयबाट परिचालित प्रहरी टोलिले मिति २०७९/०२/१२ गते त्रिपुरेश्वर, काठमाडौंबाट पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सुनसरीमा पठाईएको ब्यहोरा सूचित गरिन्छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीबाट उल्लेखित जबरजस्ती करणी मुद्दाको अनुसन्धान सम्पन्न भई सम्मानित सुनसरी जिल्ला अदालतमा मुद्दा दायर भएकोमा भागी फरार निज प्रतिवादीको हकको यो मुद्दा मुल्तवीमा रहेकोले पक्राउ प्रतिवादीलाई थप कारबाहीको लागि सम्मानित सुनसरी जिल्ला अदालतमा उपस्थित गराईने ब्यहोरा समेत जानकारि गराईन्छ ।

**पक्राउ प्रतिवादी:**

| | |
|---|---|
| नाम: | राज कुमार खड्का |
| उप नाम: | राज खड्का |
| उमेर: | ३६ बर्ष |
| ठेगाना: | जिल्ला सिन्धुली कमलामाई न.पा. वडा नं. ७ स्थायी वतन भई जिल्ला सुनसरी इटहरी उ.म.न.पा. वडा नं. ५ स्थित ब्लुमिङ् लोटस् ईङगलिस स्कूलका प्रिन्सीपल |
| मुद्दा | जवरजस्ती करणी |
| पक्राउ स्थान: | त्रिपुरेश्वर, काठमाडौं । |



उप निर्देशक
(कमल थापा)
प्रहरी उपरीक्षक
सम्पर्क नम्बर: ९८५१२८१३३४
मिति २०७९/०२/१२ गते ।